नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २०] काठमाडौं, भाद्र १५ गते २०२७ साल [संख्या २०

श्री ५ को सरकार

खाद्य तथा कृषि मन्त्रालय

खाद्य नियमावली, २०२७

खाद्य ऐन, २०२३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "खाद्य नियमावली, २०२७" रहेको छ ।

(२) यो नियमावली ऐन प्रारम्भ भएको क्षेत्रमा ऐन प्रारम्भ भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले खाद्य ऐन, २०२३ सम्झनुपर्छ ।

(ख) "लेवल" भन्नाले बिक्रीको लागि राखिएको वा परिवहन भैरहेको कुनै पदार्थ रहेको भाँडामा र । वा आवरणमा लेखिएको, छापिएको वा अंकित भएको विवरण वा संकेत सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "खाद्य जाँचकी" भन्नाले खाद्य पदार्थ जाँच गर्न यस नियमावलीबमोजिम नियुक्ति गरिएको वा अधिकार प्रदान गरिएको व्यक्ति सम्झनुपर्छ ।

(घ) "स्थानीय जिल्ला अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी र निज नभएको जिल्लामा श्री ५ को सरकारले तोकिदिएको अन्य अधिकारी सम्झनुपर्छ ।

परिच्छेद– २

खाद्य अनुसन्धानशाला

३. खाद्य अनुसन्धानशालाको कार्यविधि

(१) खाद्य अनुसन्धानशालाले देहायबमोजिमको काम गर्नेछः–

(क) खाद्य जाँचकी वा ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकारी वा पुनरावेदन सुन्ने अदालतले जाँचको लागि पठाएको खाद्य पदार्थको नमूनाको विश्लेषण गरी विश्लेषण प्रतिवेदन निजलाई पठाउने,

(ख) खाद्य स्तर निर्धारण समितिलाई कुनै खाद्य पदार्थ स्तर निर्धारण गर्नको लागि सहायतार्थ अनुसन्धान र अन्वेषण गरी प्रतिवेदन प्रस्तुत गर्ने,

(ग) खाद्य पदार्थ जाँच गर्ने सम्बन्धमा खाद्य जाँचकीहरूको तालीमको प्रबन्ध मिलाउने र तालीममा सफल हुनेहरूलाई प्रमाणपत्र दिने ।

(२) उप-नियम (१) मा लेखिएबमोजिमको प्रतिवेदन दिनुपर्ने कर्तव्य खाद्य अनुसन्धानशालाको प्रमुखको हुनेछ ।

४. सार्वजनिक विश्लेषकको योग्यता र काम कर्तव्यः– (१) खाद्य अनुसन्धानशालामा नियुक्ति हुने सार्वजनिक विश्लेषकहरू कम्तीमा अर्गानिक केमेष्ट्रीमा वा फुड टेक्नोलोजी (खाद्य प्रविधि) मा वा माइक्रोवायोलोजी, वायोकेमेष्ट्री, टक्सीकोलोजी समावेश भएको विज्ञान विषयमा स्नातकोत्तर परीक्षा उत्तीर्ण भएको हुनुपर्दछ ।

(२) खाद्य विश्लेषण कार्यमा दुइ वर्षको अनुभव प्राप्त भएको व्यक्तिलाई ग्राह्यता दिइनेछ ।

(३) खाद्य अनुसन्धानशालाको प्रमुखको नियन्त्रण तथा निर्देशनमा खाद्य पदार्थहरूको विश्लेषण गर्नु निजको मुख्य कर्तव्य हुनेछ ।

परिच्छेद– ३

खाद्य जाँचकी सम्बन्धी व्यवस्था

५. खाद्य जाँचकीको नियुक्तिः– (१) श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको खाद्य पदार्थको सम्बन्धमा ऐन र यस नियमावलीमा उल्लेखित काम कुराहरू गर्न निमित्त श्री ५ को सरकारले खाद्य जाँचकी नियुक्ति गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिम नियुक्ति भएको खाद्य जाँचकीले आफूलाई तोकिएको क्षेत्रभित्र ऐन र यो नियमावलीबमोजिम आफूलाई तोकिएको काम कर्तव्य गर्नेछ ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा कुनै व्यक्तिलाई कुनै निर्देशित क्षेत्रको सम्बन्धमा ऐन र यस नियमावलीमा लेखिएबमोजिम खाद्य जाँचकीको अधिकार प्रयोग गर्न पाउने गरी तोक्न सक्नेछ ।

(४) उप–नियम (१) र (३) बमोजिम नियुक्ति गरिएको खाद्य जाँचकी वा तोकिएको व्यक्तिलाई अनुसूचि १ मा तोकिएको ढाँचाको परिचय–पत्र दिइनेछ ।

६. खाद्य जाँचकीको योग्यता:– खाद्य जाँचकीको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहायबमोजिमको हुनुपर्नेछ ।

(क) आइ. एस्सी. परीक्षा पास गरेको र खाद्य पदार्थ जाँच गर्ने सम्बन्धमा कम्तीमा ६ महीनाको तालीम प्राप्त गरेको, वा

(ख) स्यानिटेरियन कोर्स वा हेल्थ एसिष्टेण्ट कोर्समा कम्पाउण्डरीको कोर्स पास गरी अनुभव प्राप्त गरेको, वा

(ग) प्रवेशिका परीक्षा पास गरी खाद्य पदार्थ निरीक्षण सम्बन्धी कोर्समा २ वर्षको तालीम प्राप्त गरेको ।

७. खाद्य जाँचकीको काम कर्तव्य:– खाद्य जाँचकीको काम तथा कर्तव्य देहायबमोजिम हुनेछ:–

(क) ऐन वा यो नियमावली उल्लेख गरी खाद्य पदार्थ उत्पादन गरिएको वा संचय गरिएको वा विक्री वितरण गरिएको वा त्यस्तो काम कुरा गर्न लागेको शंका लागेमा त्यस्तो खाद्य पदार्थको नमूना लिई अनुसूचि २ बमोजिमको सूचना खाद्य पदार्थको धनीलाई दिने र तुरून्तै विश्लेषण परीक्षणको लागि खाद्य अनुसन्धानशालामा पठाउने,

(ख) कुनै व्यक्ति वा संस्था वा फर्मले ऐन वा यो नियमावलीको विपरीत कुनै काम कारवाई गरेको छ भन्ने दरखास्त वा सूचना प्राप्त भएमा त्यस्को छानवीन गर्ने, तर कसैले झुठो दरखास्त वा सूचना दिनु हुँदैन ,

(ग) आफूले निरीक्षण गरेको वा ऐन वा नियमावलीबमोजिम कारवाई गरिएको वा जफत भएको खाद्य पदार्थको रेकर्ड राख्ने,

(घ) स्थानीय जिल्ला अधिकारीको सामान्य नियन्त्रणमा रही यो नियमावली र प्रचलित कानूनबमोजिम आफूलाई तोकिएको तथा आफूले गर्नु पर्ने काम कर्तव्य गर्ने ।

८. खाद्य जाँचकीको अधिकार:– (१) खाद्य जाँचकीले आफ्नो कर्तव्य पालनको सिलसिलामा देहायबमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ:–

(क) खाद्य पदार्थ उत्पादन गर्ने वा संचय गर्ने वा विक्री वितरण गर्ने ठाउँहरूबाट खाद्य पदार्थको नमूना लिन सक्ने,

४०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै पदार्थको बिक्री वितरणबाट सरुवा रोग फैलिने संभावना छ भन्ने कुरा निजलाई लागेमा र निजको रायमा स्थानीय स्वास्थ्य अधिकृत समेतको सहमती भएमा स्थानीय जिल्ला अधिकारीको स्वीकृति लिई त्यस्तो खाद्य पदार्थको बिक्री वितरणमा रोक लगाउन सक्ने,

(ग) कुनै खाद्य पदार्थ दूषित छ भन्ने मनासिब माफिकको शंका भएमा स्थानीय जिल्ला अधिकारीको स्वीकृति लिई त्यस्तो खाद्य पदार्थ बिक्री वितरण गर्नमा रोक्का लगाउन सक्ने,

(घ) खाद्य पदार्थ जाँच गर्ने सम्बन्धमा कुनै खाद्य पदार्थ राखिएको भांडा वा वर्तन वा प्याकेट वा पोको वा त्यस्तो कुनै माल वस्तु भांडा राखिएको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सो घर जग्गाको मासिक वा सो ठाउँको जिम्मा लिएका कुनै व्यक्तिको अनुमति प्राप्त भएमा अनुमति लिई र त्यस्तो व्यक्तिले अनुमति नदिएमा सम्बन्धित पञ्चायत र । वा नजीकको प्रहरी कार्यालयको प्रतिनिधि साछी राखी प्रचलित कानूनबमोजिम प्रवेश गर्न सक्ने,

(ङ) खाद्य पदार्थ उत्पादन गर्ने व्यक्तिसंग वा खाद्य पदार्थ उत्पादन गर्ने ठाउँमा पाइएको अन्य कुनै खाद्य वा अखाद्य पदार्थको सम्बन्धमा उत्पादनकर्ताले सन्तोषजनक उपयोग बताउन नसकी सो पदार्थ त्यहाँ रहँदा उत्पादन भैराखेको खाद्य पदार्थसंग सम्मिश्रण हुनसक्ने संभावना देखेमा वा शंका लागेमा त्यस्तो पदार्थलाई अविलम्ब त्यहाँबाट हटाउन आदेश दिन सक्ने,

(च) निकासी वा पैठारी वा ढुवानी भैराखेको कुनै खाद्य पदार्थलाई आवश्यक देखेमा रोकी जाँचबुझ गर्ने र त्यस्तो खाद्य पदार्थ दूषित छ भन्ने मनासिब माफिकको शंका लागेमा यस नियमावलीबमोजिम गर्ने

(छ) खाद्य विश्लेषणको लागि यस नियमावलीबमोजिम लिइएको नमूनालाई कुनै पनि सरकारी वा गैर सरकारी यातायातका साधन वा हुलाकद्वारा विश्लेषणको लागि पठाउन सक्ने,

(२) उप-नियम (१) को खण्ड (ख), (ग) र (च) बमोजिम गरिएको कारवाई-को सूचना खाद्य जाँचकीले तुरून्त स्थानीय अञ्चलाधीश कार्यालयमा र खाद्य अनुसन्धान-शालाका प्रमुखकहाँ पठाउनु पर्नेछ ।

९. सरुवा तथा संक्रामक रोग लागेको व्यक्तिको सम्बन्धमा खाद्य जाँचकीको अधिकारः—

(१) सरुवा तथा संक्रामक रोग लागेको वा त्यस्तो रोग फैलाउन सक्ने खालको कुनै व्यक्ति-बाट खाद्य पदार्थ बिक्री भैराखेको वा तैयार भैरहेको वा खाद्य पदार्थ तैयार भैरहेको ठाउँमा बसी राखेको छ भन्ने खाद्य जाँचकीलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई डाक्टरी जाँच गर्न लगाउनु सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिमको व्यक्तिलाई डाक्टरी जाँच गराउँदा रोग फैलन वा फैलाउन सक्ने ठहरिएमा त्यस्तो व्यक्तिलाई खाद्य पदार्थ बेच्न वा बनाउन वा सो स्थानमा बस्न रोक्न सक्नेछ ।

परिच्छेद– ४

खाद्य पदार्थको विश्लेषण

१०. खाद्य पदार्थको नमूनाः– (१) खाद्य पदार्थको नमूना लिंदा खाद्य जाँचकीले नमूना लिने ठाउँमा नै अनुसूची ३ मा तोकिएको अनुपातमा लगभग पुग्ने गरी तीन खण्डमा लिई प्रत्येकलाई बेग्ला बेग्लै भाँडामा राखी प्रत्येक भाँडामा लाहाछाप लगाई देहायबमोजिम गर्नुपर्दछ ।

(क) एउटा भाँडो खाद्य पदार्थ राख्ने व्यक्तिलाई दिने,

(ख) एउटा भाँडो विश्लेषण परीक्षणको लागि खाद्य अनुसन्धानशालामा पठाउने,

(ग) एउटा भाँडो स्थानीय अञ्चलाधीशको कार्यालयमा पठाउने ।

(२) उप-नियम (१) बमोजिमको भाँडाहरू त्यसभित्र राखिएका पदार्थ बाहिर निस्कन, चुहुन र कुनै बाहिरी चीज वा पदार्थ वा वस्तुभित्र पस्न वा पसाल्न नपाउने गरी बनेको र स्वच्छ सफा हुनुपर्दछ ।

(३) उप-नियम (१) को खण्ड (क) बमोजिमको भाँडो खाद्य पदार्थ राख्ने व्यक्तिले बुझी नलिएमा खाद्य जाँचकीले विश्लेषण परीक्षणको लागि अनुसन्धानशालामा नमूना पठाउँदा सो कुराको जानकारी समेत अनुसन्धानशालालाई र स्थानीय अञ्चलाधीश कार्यालयलाई दिनुपर्दछ ।

(४) यस नियमअनुसार लिइने नमूनाको परिमाणमा विक्रेतासंग नै रहनु पर्ने परिमाण कटाई हुनआउने परिमाणको प्रचलित मोल खाद्य जाँचकीले तिरी मात्र नमूना लिन पाउनेछ ।

११. खाद्य पदार्थको नमूना पठाउँदा गर्नुपर्नेः– (१) खाद्य जाँचकी वा मुद्दा हेर्ने अधिकारी वा पुनरावेदन सुन्ने अदालतले विश्लेषण परीक्षणको लागि खाद्य अनुसन्धानशालामा नमूना पठाउँदा देहायबमोजिम गरी पठाउनुपर्दछः–

(क) खाद्य पदार्थको नमूनालाई अनुसूची ४ मा तोकिएबमोजिमको फारामसाथ संलग्न गरी लाहाछाप लगाई सुरक्षासाथ पठाउनुपर्दछ,

(ख) खाद्य पदार्थको नमूना राखिएको भाँडा वा बट्टामा र त्यसलाई मोडिएको बाहिरी आवरणमा समेत नमूनाको वस्तुको नाम र परिमाण वा संकलनको सांकेतिक संख्या केही भए सो स्पष्ट रूपमा अंकित भएको हुनुपर्छ,

(ग) खण्ड (क) बमोजिमको फारामको एउटा प्रतिलिपि र नमूनाको भाँडोको आवरणमा लगाइएको लाहाछापका नमूना छुट्टै (खाममा राखी) पठाउनुपर्दछ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) त्यस्तो नमूना राखिएको भाँडोको बिर्को बाटोमा नखुल्ने र नचुहिने किसिमबाट बन्द गरी सो भाँडोलाई बाक्लो कागजमा अन्य बेर्ने पदार्थले बेरी त्यसलाई धागो वा डोरीले बाँधी विभिन्न चार ठाउँमा अक्षर स्पष्ट बुझिने गरी लाहाछाप लगाएको हुनुपर्दछ र यसरी लाहाछाप लगाइँदा उक्त लाहाछाप नउप्काई त्यस्तो भाँडो खोल्न नसकिने गरेको हुनुपर्दछ ।

(२) उप-नियम (१) बमोजिम प्राप्त भएको खाद्य पदार्थको नमूनाको आवरणमा लागेको लाहाछाप ठीक छ छैन भन्ने जाँच गरी त्यस्तो अवस्थाको रेकर्ड राखी यो नमूनाको आवरण खाद्य अनुसन्धानशालाको प्रमुख वा निजले अनुमति दिएको अधिकृतले खोल्नेछ ।

(३) उप-नियम (१) बमोजिम प्राप्त हुनआएको खाद्य पदार्थको नमूना विश्लेषण परीक्षण गरी सोको नतीजा अनुसूची ५ मा तोकिएबमोजिमको फाराममा सम्बन्धित अधिकृत वा अदालतलाई पठाउनुपर्दछ ।

१२. खाद्य पदार्थको नमूनामा प्रिजरभेटिभ हाल्नेः– (१) यस नियमावलीबमोजिम विश्लेषण परीक्षणको लागि लिइएको खाद्य पदार्थको नमूना सड्न गल्न र बिग्रन नपाउने गरी सुरक्षित राख्न खाद्य जाँचकीले अनुसूची ६ बमोजिमको परिरक्षी (प्रिजरभेटिभ) हाल्नु पर्नेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची ६ मा लेखेको कुराहरूलाई समय समयमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१३. खाद्य पदार्थको जिम्माः– (१) खाद्य जाँचकीले कुनै खाद्य पदार्थ दूषित छ भन्ने शंका लागी यस नियमावलीबमोजिम त्यस्तो खाद्य पदार्थको नमूना लिई सकेपछि सो पदार्थ बिक्री वितरण वा हिनामिना नहुने गर्न रोक्का राख्नुपर्ने देखेमा नियम ८ बमोजिम गरी सो पदार्थको स्टक सम्पूर्ण वा निजलाई शंका लागेसम्मको अंशमा लाहाछाप मारी आफ्नू जिम्मामा राख्न सक्नेछ र यसरी जिम्मा लिएको खाद्य पदार्थको अनुसूची ७ मा तोकिएको ढाँचाको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम आफ्नू जिम्मा राख्न आवश्यक नपर्ने वा संभव नहुने देखेमा त्यस्तो खाद्य पदार्थको धनीलाई सो लाहाछाप मारिएको पदार्थ सुरक्षितसाथ राख्ने कागज गराई अनुसूची ८ बमोजिमको आदेश दिनुपर्दछ ।

१४. खाद्य पदार्थ दूषित नठहरिएमा रोक्का रहेको पदार्थ फुकुवा गर्नेः– यस नियमावलीबमोजिम नमूना लिइएको खाद्य पदार्थको विश्लेषण परीक्षण गर्दा कुनै खाद्य पदार्थ दूषित नठहरिएमा मुद्दा परिसकेको नभए खाद्य जाँचकीले नै सो खाद्य पदार्थ फुकुवा वा फिर्ता गर्नेछ र मुद्दा परिसकेको भए मुद्दा हेर्ने अधिकारी वा अदालतले त्यस्तो रोक्का भैराखेको खाद्य पदार्थ फुकुवा गर्न वा सम्बन्धित व्यक्तिलाई फिर्ता दिन आदेश दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मुद्दा दायर गर्ने गराउनेः– (१) यस नियमावलीबमोजिम नमूना लिइएको खाद्य पदार्थ विश्लेषण परीक्षण गरिंदा दूषित ठहरिएमा खाद्य जाँचकीले ऐनबमोजिमको स्पष्ट अभियोग र तत्सम्बन्धी सम्पूर्ण विवरण खोली मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(२) ऐन तथा यस नियमावलीको उल्लंघन गरे बापत कुनै व्यक्ति वा फर्म वा संगठित संस्था उपरको कानूनी कारवाईमा मुद्दा हेर्ने र पुनरावेदन सुन्ने सम्बन्धित अधिकारी र अदालतलाई सहयोग गर्नु सम्बन्धित खाद्य जाँचकीको कर्तव्य हुनेछ ।

परिच्छेद– ५

खाद्यस्तर निर्धारण समिति

१६. खाद्यस्तर निर्धारण समितिको गठनः– (१) ऐन तथा यस नियमावलीमा तोकिएबमोजिमको काम गर्नको लागि देहायबमोजिमको एउटा खाद्यस्तर निर्धारण समिति गठन गरिएको छः–

(क) निर्देशक स्वास्थ्य सेवा विभाग––	अध्यक्ष
(ख) खाद्य अनुसन्धानशालाको प्रमुख––	उपाध्यक्ष
(ग) काठमाडौं नगर पञ्चायतको प्रतिनिधि––	सदस्य
(घ) कानून मन्त्रालयका एकजना उप-सचिव––	सदस्य
(ङ) उद्योग वाणिज्य मन्त्रालयको एकजना उप-सचिव वा उप-सचिव स्तरको प्रतिनिधि––	सदस्य
(च) खाद्य तथा कृषि मन्त्रालय अन्तर्गतका सार्वजनिक विश्लेषक––	सदस्य–सचिव
(छ) खाद्य तथा कृषि मन्त्रालयबाट मनोनीत खाद्य उद्योग व्यवसायी––	सदस्य
(ज) उद्योग वाणिज्य मन्त्रालयबाट मनोनीत खाद्य उद्योग व्यवसायी––	सदस्य
(झ) शाही वनस्पति अनुसन्धानशालाका जीव रसायन वा फार्मेसी सम्बन्धी विशेषज्ञ––	सदस्य

(२) उप-नियम (१) को खण्ड (छ) र (ज) बमोजिमको प्रतिनिधिहरूको पदावधि निजको मृत्यु भएमा वा समितिबाट लिखित रूपमा राजीनामा दिएमा वा अन्य कुनै कारणले सदस्यता छाडेमा बाहेक दुइ वर्षको लागि हुनेछ र श्री ५ को सरकारले चाहेमा पुनः मनोनीत गर्न सक्नेछ ।

(३) समितिको बैठकमा अध्यक्ष र । वा उपाध्यक्ष सहित सम्पूर्ण सदस्य संख्याको आधाभन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको कार्यालय श्री ५ को सरकारले निर्देशन गरेको स्थानमा रहनेछ ।

(५) समितिका सदस्यहरूले प्रत्येक बैठकको निमित्त श्री ५ को सरकारबाट निर्धारण भएबमोजिमको पारिश्रमिक पाउनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. समितिको काम कर्तव्य र अधिकारः– (१) खाद्य पदार्थको गुणस्तर र मात्रा कुन परिधिभित्रका हुनुपर्छ भन्ने कुरा निर्धारण गरी सो गुणस्तर र मात्रा कायम राख्न लगाउने सम्बन्धमा श्री ५ को सरकारलाई सल्लाह दिनु यस समितिको कर्तव्य हुनेछ ।

(२) खाद्य पदार्थको सम्बन्धमा श्री ५ को सरकारले सल्लाह मागेमा त्यस्तो सल्लाह दिनु समितिको कर्तव्य हुनेछ ।

(३) समितिले चाहेमा कुनै खास कामको लागि उप-समितिहरू बनाउन सक्नेछ र त्यस्ता उप-समितिमा समितिका सदस्य नरहेका अन्य व्यक्तिहरू पनि रहन सक्नेछन् । समितिले तोकिदिएको अधिकार प्रयोग गरी उप-समितिले कार्य गर्नेछ । तर यस्तो उप-समितिको अवधि तीन महीनाभन्दा बढी हुने छैन । तर अत्यावश्यक परी अवधि बढाउनु परेमा कारण समेत खोली श्री ५ को सरकारमा पेश गरी भएको निर्णयानुसार अवधि बढाउन सकिनेछ ।

(४) समितिले आफ्नो कार्यविधि निर्धारित गर्नका लागि आवश्यक विनियमहरू बनाउन सक्नेछ, तर त्यस्तो विनियम श्री ५ को सरकारको स्वीकृति प्राप्त भएपछि मात्र लागू हुनेछ ।

(५) समितिले आफ्नो कार्यालयको लागि आवश्यक कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(६) समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा साधारणतः खाद्य तथा कृषि मन्त्रालयमार्फत् राख्नेछ ।

परिच्छेद– ६
प्याक गरिएको खाद्य पदार्थको लेवुल

१८. प्याक गरिएको खाद्य पदार्थको बट्टामा लेवुल गराउनेः– (१) प्याक गरिएको खाद्य पदार्थको भाँडोको वैरन आवरणमा देहायबमोजिमको तथ्य वा विवरण खुल्ने गरी लेवुल नलगाई त्यस्तो खाद्य पदार्थ बिक्री गर्न वा बिक्रीको लागि राख्न पाइने छैन ।

(क) खाद्य पदार्थको विवरण सजिलैसंग स्पष्ट देखिने गरी लेवुलमा खुलेको हुनुपर्छ र उपरोक्त खाद्य पदार्थ एकभन्दा बढी वैरन वा भाँडाभित्र राखिएको भएमा त्यस्तो भित्री वैरन वा भाँडामा पनि लेवुल लगाउन पर्नेछ ,

(ख) खाद्य पदार्थ प्याक गर्ने वा बिक्रीको लागि लेवुल लगाउने व्यावसायिको नाम तथा ठेगाना स्पष्ट रूपले लेवुलमा उल्लेख भएको हुनु पर्नेछ र नेपाल अधिराज्यमा व्यवसाय गर्ने कुनै व्यावसायिकको निर्देशन वा निजको तर्फबाट यसरी खाद्य पदार्थ प्याकिङ वा लेवुल लगाउने काम भएको रहेछ भन्ने त्यस्तो लेवुलमा सो व्यवसायीको पनि नाम तथा ठेगाना खुलेको हुनु पर्नेछ ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) एउटै मात्र खाद्य पदार्थबाट बनेको भए सो खाद्य पदार्थको वास्तविक नाम खोलिनु पर्ने र दुइ वा दुइभन्दा बढी खाद्य पदार्थ मिली बनेको खाद्य पदार्थ भए त्यस्तो सम्मिश्रित खाद्य पदार्थको प्रचलित नाम भए सो नाम र त्यसमा समावेश गरिएका छुट्टा छुट्टै खाद्य पदार्थको वास्तविक वा प्रचलित नाम तथा साधन पदार्थहरूको हकमा प्रयोग गरिएको वजन वा मात्राको क्रम अनुसार नाम र परिमाण खुलाउनु पर्नेछ तर पानी साधकको रूपमा प्रयोग भएकोमा योबमोजिम त्यसको परिमाण र नाप खुलाउनु पर्नेछैन ।

(घ) प्याक गरिएको खाद्य पदार्थको खुद तौल वा नापको परिमाण कुनै स्पष्ट रूपमा खुलेको हुनुपर्छ र सोबमोजिम खुलेको नाप वा परिमाण कुनै हालतमा पनि कम रहेको हुनु हुँदैन । प्याक गरिएको खाद्य पदार्थको भाँडा र त्यसको वैरनको तौल वा परिमाणको आधारमा बिक्री गर्न दिइएको खाद्य पदार्थ छ भने त्यसको सम्बन्धमा प्याक गरिएको भाँडा र वैरन सहितको न्यूनतम तौल वा परिमाण पनि स्पष्ट खुलेको हुनुपर्छ ।

(२) उप-नियम (१) अनुसारको लेवुलमा रहने विवरण नेपाली भाषा (देवनागरी लिपि) मा वा अंग्रेजी भाषा र नेपाली भाषा दुबैमा हुनुपर्दछ । यी दुइ भाषाका अतिरिक्त अन्य कुनै भाषामा पनि विवरण खुलाउन चाहेमा खुलाउन पाइनेछ ।

(३) प्याक गरिएको खाद्य पदार्थ रहेको भाँडामा टाँसिएको लेवुलमा उल्लेखित विवरणमा कुनै झुट्ठा वा भ्रमात्मक दावा वा संकेत रहेको हुनु हुन्न ।

(४) प्याक गरिएको खाद्य पदार्थको खुद्रा व्यापारीले प्याकेट खोली बिक्री गर्नमा उप-नियम (१) अनुसारको लेवुल लगाउन बाध्य हुनेछैन ।

(५) भिटामीन खनीज वा अन्य पौष्टिक पदार्थ भएको दावी गरिएको खाद्य पदार्थको लेवुलमा उप-नियम (१),(२) र (३) बमोजिम खुलाउनु पर्ने कुराहरू खुलाउँदा देहाय-बमोजिमका कुराको अधीनमा रही खुलाउनु पर्नेछः–

(क) आफूले बिक्री गरेको खाद्य पदार्थको लेवुलमा नखुलाई त्यस्ता भिटामीन र ।वा पौष्टिक खनिज तत्व भएको दावी गर्न पाइने छैन ।

(ख) विज्ञापन वा अन्य प्रचारको विवरणमा भिटामीन, खनिज र । वा अन्य पौष्टिक पदार्थको परिमाण नखोली त्यस्तो भिटामीन खनिज वा अन्य पौष्टिक भएको कुरा उल्लेख गर्न पाइने छैन ।

नोटः– (भीटामीन खनिज वा अन्य पौष्टिक पदार्थ भएको दावी गरिएको खाद्य पदार्थमा त्यस्तो प्रत्येक भिटामीन र । वा त्यस्ता प्रत्येक खनिज वा अन्य पौष्टिक पदार्थ अनुसूची ९ मा तोकिएअनुसारको इकाईमा स्पष्ट उल्लेख भएको हुनुपर्दछ ।)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उप-नियम (५) मा जेसुकै लेखिए तापनि प्याक गरिएका देहायका खाद्य पदार्थमा लेवुल लगाउनु पर्ने बाध्यता हुनेछैन:–

(क) ग्यास प्रयोगद्वारा या कोल्ड ष्टोरेज वा फ्रिजिङ वा अन्य कुनै व्यवस्थाले ताजा राखिएको फलफूल तथा सागपातमा,

तर माथि लेखिएबमोजिम ताजा राखिएको अवस्थामा बाहेक क्यानिङ बोतल बन्दी वा अन्य प्रशोधन व्यवस्था भएको खाद्य पदार्थलाई यो नियमबमोजिमको छुट दिइने छैन ।

(ख) कन्डेन्स्ड मिल्क बाहेक अन्य तरल अवस्थाको दूधमा,

(ग) सिंगै फुलमा,

(घ) क्यान वा बोतलमा बन्द गरिएको माछा मासु भएको खाद्य पदार्थ बाहेक अन्य विभिन्न किसिमका माछा मासुमा,

तर मासुको हक्मा कुन जनावरको मासु हो भन्ने कुरा लिखित रूपमा स्पष्ट बोध हुने गरी राख्नु पर्नेछ, र

(ङ) कुनै होटलमा तयार गरिएको भोजन वा त्यसरी तयार गरिएको भोजनको कुनै भाग सम्बन्धित व्यापारीले आफ्नै मानिसद्वारा बिक्री वितरण गरेमा,

तर, भोजन तयार गर्दा प्रयोग गरिएको घ्यू, तेलका सम्बन्धमा यो यस्तो घ्यू, तेल वा चिल्लो पदार्थ प्रयोग गरी बनेको भन्ने लिखित रूपमा स्पष्ट बोध हुने गरी राख्नु पर्नेछ ।

(७) यो नियमबमोजिम गर्नुपर्ने कर्तव्य भएको व्यक्तिले यो नियमावलीबमोजिम लगाइएको लेवुललाई केरमेट थप घट वा नबुझिने गर्न वा मिटाउन हुँदैन ।

परिच्छेद– ७

संमिश्रित खाद्य पदार्थ र खाद्य पदार्थ बिक्रेताले पालन गर्नुपर्ने कुरा

१९. संमिश्रित खाद्य पदार्थ बिक्री गर्न मनाहि:– कुनै व्यक्तिले पनि आफैं वा आफ्नो नोकर वा प्रतिनिधिद्वारा देहायबमोजिमको संमिश्रित खाद्य पदार्थ बिक्री गर्न वा बिक्रीको लागि राख्न पाउने छैन :–

(क) दूध बाहेक अन्य पदार्थबाट बनेको वा २३ प्रतिशतभन्दा कम दूधको चिल्लो भएको क्रीम,

(ख) पानी मिसाइएको दूध,

(ग) दूध बाहेक अन्य पदार्थबाट निकालिएको चिल्लो वा अन्य कुनै पदार्थ संमिश्रित गरिएको घ्यू,

(घ) घ्यू निकालेको भनी नजनाइएको चिल्लो निकालेको दूध,

(ङ) दुइ वा दुइभन्दा बढी विभिन्न किसिमका खाने तेल संमिश्रित गरिएको तेल,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) वनस्पति घ्यू (हाइड्रोजेनेटेड वनस्पति तेल) मिसिएको घ्यू,

(छ) कुनै अन्य पदार्थ मिसाएको बेसार,

(ज) कुनै एक खाद्यान्नको पीठोमा अन्य कुनै खाद्यान्नको पीठो वा अखाद्य पदार्थ मिसेको वा मिसाएको र

(झ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अरू कुनै संमिश्रित खाद्य पदार्थ ।

२०. बिक्री निषेधः– कुनै व्यक्तिले पनि प्राकृतिक रूपमा मृत्यु भएको पशु पंक्षीको मासु वा त्यस्ता मासु प्रयोग भएको खाद्य पदार्थ बिक्री गर्न वा बिक्रीको लागि राख्न पाउने छैन ।

२१. खाद्य पदार्थ बिक्रेताले पालन गर्नुपर्ने कुराहरूः– (१) खाद्य पदार्थ राख्ने, तयार गर्ने वा परिवहनमा प्रयोग गरिने कुनै पनि भाँडा वा त्यस्ता खाद्य पदार्थ राखिने ठाउँ देहायबमोजिम हुनु पर्नेछ ।

(क) सफा सुग्घर तथा टुटफुट नभएको वा राम्ररी मर्मत गरिएको,

(ख) इनामेल (तान्चीन) वा टीनको कलाई भरिएको भए सो कलाई नउप्केको वा नउडेको,

(ग) राम्ररी बिर्को लगाइएको वा धूलो, मैला, झिंगा, कीरा, फटिंग्राबाट बचाउन राम्ररी छोपिएको, र

(घ) दुर्गन्ध फोहोर मैला, दुषित हावा वा पानीको सम्पर्क नहुने ठाउँमा राखिएको ।

(२) देहायबमोजिमको अवस्थाको भाँडामा राखिएको खाद्य पदार्थ स्वास्थ्यलाई हानिकारक मानिनेछः–

(क) खिया लागेको फलामको भाँडा वर्तन,

(ख) इनामेल (तान्चीन) को भाँडामा कलाई उडेको वा खिया लागेको,

(ग) टिनको कलाई नगरिएका तामा वा पित्तलको, र

(घ) शिशायुक्त अल्मुनियमको ।

(३) उप–नियम (१) र (२) मा जेसुकै लेखिए तापनि चिनीको चास्नी मिठाई र तेल तयार गर्न र राख्नको लागि तामा र पितलको कलाई नगरिएको भाँडा पनि प्रयोग गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– १
(नियम ५ को उप-नियम (४) संग सम्बन्धित)

नं. ..... मिति ..... फोटो

खाद्य जाँचकीको परिचयपत्रः–

नाम थर वतनः–

दस्तखत नमूनाः–

दर्जाः–

द्रष्टव्यः– फोटोमा समेत पर्ने गरी प्रमाणित गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको हुनुपर्छ ।

अधिकृत क्षेत्र तथा अवधि

क्षेत्र	मितिदेखि	मितिसम्म	प्रमाणित गर्ने अधिकारीको दस्तखत र मिति

खाद्य नियमावली, २०२७ को नियम ५ बमोजिम प्रस्तुत व्यक्तिलाई माथि उल्लेखित क्षेत्रका लागि तोकिएको मितिदेखि खाद्य जाँचकी भै काम गर्न अधिकार प्रदान गरिएको प्रमाणित गरिन्छ ।

दस्तखतः–
प्रमाणित गर्ने अधिकारी
कार्यालय

द्रष्टव्यः–

१. खाद्य जाँचकीसंग यो परिचयपत्र साथमा रहेको हुनुपर्दछ र आवश्यक परी कुनै व्यक्तिले हेर्न चाहेमा देखाउनुपर्दछ ।
२. कुनै पनि अवस्थामा यो परिचयपत्र अरू कुनै व्यक्तिलाई दिनु वा प्रत्यायोजन गर्न पाइने छैन ।
३. खाद्य जाँचकी पदबाट राजीनामा गरेमा वा अन्य कुनै कारणले सो पदबाट अवकाश पाएमा यो परिचयपत्र अविलम्ब निर्देशकलाई फिर्ता बुझाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– २

(नियम ७ को खण्ड (क) संग सम्बन्धित)

खाद्य पदार्थको धनीको नाम, ठेगाना .....

.....

मैले आजको मितिमा ..... को ..... ठाउँ स्थित दुकान । गोदाम । घर जग्गाबाट तल उल्लेख गरिएको खाद्य पदार्थ विश्लेषणको लागि नमूना लिएको छु ।

खाद्य पदार्थको विवरण

.....

.....

..... क्षेत्र

खाद्य जाँचकी

.....

स्थानः–

मितिः–

अनुसूची– ३

(नियम १० (१) संग सम्बन्धित)

खाद्यको किसिम	नमूना पठाउनु पर्ने मोटामोटी मात्रा
(क) दूध––	२५० मिलि लिटर
(ख) घ्यू––	१५० ग्राम
(ग) मख्खन––	१५० ग्राम
(घ) खुवा––	२५० ग्राम
(ङ) दहि––	२०० ग्राम
(च) तेल––	२५० ग्राम
(छ) चिल्लो (घ्यू र तेल बाहेक)––	१२५ ग्राम
(ज) चिया––	१२५ ग्राम
(झ) पीठो (सबै प्रकारको)––	२०० ग्राम
(ञ) सख्खर (चाकू, गुड)––	२०० ग्राम
(ट) मह––	२५० ग्राम
(ठ) चिनी––	२०० ग्राम
(ड) तयारी (प्रशोधित) खाद्य पदार्थ––	५०० ग्राम
(ढ) एरिष्टेड वाटर (सोडालेमोनेड आदि)––	६०० ग्राम
(ण) मसलाहरू––	५०० ग्राम
(त) जाम, जेली, फलफूल, साग सब्जी (तयारी प्रशोधित)	३०० ग्राम
(थ) अन्न, दलहन तथा तेलहन––	२५० ग्राम
(द) केशर, रंग आदि	१५ ग्राम
(ध) सबै प्रकारको आईस्क्रीम––	२०० ग्राम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

872

अनुसूची– ४

(नियम ११ को उप-नियम (१) खण्ड (क) संग सम्बन्धित)

.....

..... बाट प्रेषित

.....लाई

संख्याः– .... मितिः– .....

विश्लेषणको लागि पठाइएको खाद्य पदार्थको विवरण

१. नमूनाको क्रम संख्या .....

२. खाद्य पदार्थ धनीको नाम .....

३. नमूना लिएको मिति तथा स्थान .....

४. जाँच विश्लेषणको लागि प्रेषित पदार्थको विवरण .....

५. नमूनामा कुनै प्रिजरभेटिभ हालिएको भए सोको विवरण र परिमाण .....

यस पत्रको नक्कल प्रति एक र नमूनाको प्याकेटमा लगाइएको लाहाछापको नमूना छाप छुट्टै हुलाक । डकूमेण्ट (मानिस हस्ते पठाइँदैछ ।)

.....

खाद्य जाँचकी वा

अदालत वा अन्य

अधिकारी

अनुसूची– ५

(नियम ११ को उप-नियम (३) संग सम्बन्धित)

यो प्रमाणित गरिन्छ कि त्यस ..... कार्यालय । अदालतबाट मिति ..... को पत्र संख्या ... साथ .... तात्पर्यले पठाउनुभएको नम्बर ... संकेत गरिएका नमूना । नमूनाहरू पत्रसाथ .... मितिमा प्राप्त भयो र सोको जाँच । विश्लेषण गरियो र जाँच । विश्लेषणको नतीजाहरू निम्नमुताविक छः–

.....

.....

.....

प्राप्त नमूनाको बर्तन र बाहिरी आवरणमा लगाइएको लाहाछाप (सील) हरूको अवस्था निम्नमुताविक थियोः–

.....

ठेगानाः– खाद्य अनुसन्धानशालाको प्रमुख

मितिः–

कुनै खास विषयको प्रतिवेदन मागिएको भए आवश्यक दफाहरू समावेश गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची– ६

(नियम १२ सित सम्बन्धित)

(१) दूध, दही र क्रीममा फारमाल्डिहाईड (फर्मालिन) पानीमा ४० प्रतिशतका दरले घोलिएको तीन थाप्रा प्रति ५० ग्राम नमूनाका हिसाबले हाल्ने ।

(२) यसरी प्रिजरभेटिभ हालिएको नमूना राखेको वर्तनमा उपरोक्तबमोजिम प्रिजरभेटिभ रहेको कुरा लेवुलमा जनाएको हुनुपर्छ ।

अनुसूची– ७

(नियम १३ को उप-नियम (१) संग सम्बन्धित)

खाद्य पदार्थको धनीका नाम ठेगाना:–

.....

.....

.....

खाद्य नियमावली, २०२७ को नियम १३ को उप-नियम (१) ले दिएको अधिकार प्रयोग गरी तपाईंको ..... स्थिति दुकान । गोदाम । घर । जग्गाबाट तपसीलमा लेखिएको खाद्य पदार्थको स्टक आजका मितिमा मैले आफ्नू जिम्मामा लिएको छु ।

जिम्मा लिएको स्टकको विवरण

.....

.....

.....

..... क्षेत्रको

खाद्य जाँचकी

.....

मिति:–

अनुसूची– ८

(नियम १३ को उप-नियम (२) संग सम्बन्धित)

खाद्य पदार्थ धनीको

नाम र ठेगाना:– .....

तपाईंसित रहेको पदार्थ ..... मेरो विचारमा दूषित छ भन्ने लागेकोले यस सम्बन्धी कारवाईको लागि खाद्य नियमावली, २०२७ को नियम १३ को उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी सो खाद्य पदार्थको स्टक यस सम्बन्धमा अर्को आदेश नभएसम्म बिक्री वितरण वा अन्य कुनै किसिमसंग हिनामिना हुन नपाउने गरी तपाईंले आफ्नू जिम्मामा सुरक्षित राख्नु होला ।

..... क्षेत्रको

खाद्य जाँचकी

स्थान:–

मिति:–

.....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूची –९

(नियम १८ को उप-नियम (५) संग सम्बन्धित)

(अ) भिटामीन "ए" क्यारोटिन	भिटामीन "ए" को अन्तर्राष्ट्रिय एकाईको हिसाबले सोही मुताविक (सो गर्दा ०.६ माईक्रोग्राम विटा-क्यारोटिन भिटामीन "ए" को अन्तर्राष्ट्रिय एक एकाई मान्ने गरी।)
(आ) भिटामिन "डी" भिटामिन "डी" २ क्याल्सीफोरल र भिटामिन "डी" ३	भिटामीन "डी" को अन्तर्राष्ट्रिय एकाईको हिसाबले।
(इ) अन्य भिटामिनहरू:– थाइमिन (भिटामिन "बी" १) राइबोफ्लेमिन (भिटामिन "बी" २) नायसीन वा निकोटिनिक एसिड परीडक्सीन (भिटामिन "बी" ६) फोलिक एसिड, पेन्टोथनिक एसिड, ईनासिटल, बायोटिन, पारासमिनीवेञ्जोइक एसिड कोलिन, अल्फा राइबाजील फोस्फेट (भिटामिन "बी" १२), एस्कोबिक एसिड (भिटामिन "सी") टाकोफेरोल (भिटामिन "ई") भिटामिन "के"	मिलिग्राम, सम्बन्धित भिटामिनका हिसाबले।
(ई) पौष्टिक खनिजतत्वहरू:– क्यालसिएम, आयडिन, आइरन, फोसफरस	मिलिग्राम, सम्बन्धित पौष्टिक खनिजतत्वका हिसाबले।

आज्ञाले–
विष्णुप्रसाद धिताल
श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।